जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ४४ पृष्ठः ४ | २०८३ जेठ २१ बिहीबार (Thursday 04 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## कालिगढहरुको सीप विकास तालिम सम्पन्न



**एलिना हिङमाङ**

लहान, २० जेठ। लहान नगरपालिकाको समन्वय,लहान प्राविधिक शिक्षालयको प्राविधिक सहयोग,वाटर एड नेपाल द विकन परियोजनाको सहयोगमा दलित जनकल्याण युवा क्लवको आयोजनामा सिरहाको लहानमा कालिगढहरुको सीप विकास तालिम सम्पन्न भएको छ।

लहान नगरपालिकाको वडा नं १ देखि २४ वडामा संचालन भैरहेको खानेपानी शौचालय तथा स्वच्छता अभियान अन्तरगत लहान नगरपालिकाको २० हजार ५ सय ७७ घरधुरी मध्ये अझैपनि ४ हजार २ सय एक घरधुरीमा शौचालय छैन र सो अभियानलाई सफल वनाउनका लागि शौचालय वनाउने डकर्मीहरुको अभाव भएकाले अर्धदक्ष कामदारहरु उत्पादन गरी शौचालय निर्माण गर्ने कार्यमा अभावलाई पुरा गरी सहयोग पुर्‍याउने उद्धेश्यले तालिमको आयोजना गरिएको परियोजना संयोजक अमन रौनियारले वताउनुभयो।

लहान नगरपालिकाको वडा नं १०, १४, १६, २० र २४ वडाका १० जना महिला र ११ जना पुरुषको सहभागीता रहेको उत्त तालिम १० दिन सम्म संचालन भएको दलित जनकद्ययाण युवा क्लवका अध्यक्ष उमेश विसुन्केले जानकारी दिनुभयो। तालिममा प्रमुख अतिथीको रुपमा वोल्नुहुदै लहान नगरपालिका योजना शाखा प्रमुख अनिक यादवले सीप प्राप्त गर्ने मात्र हैन यसलाई व्यवहारमा उतार्न समेत आग्रह गर्नु भयो। वाटर एड नेपालका प्राविधिक व्यवस्थापक धर्मरत्न चित्रकार यस अभियानका लागि लहान नगरपालिकाले मापदण्ड वनाउदै गरेको र यसमा विभिन्न मोडलका शौचालयहर रहेको जानकारी दिनुभयो।

लहान नगरपालिका रोजगार शाखा प्रमुख देव कुमार साहले ३ सय ९० घण्टाको पाठ्यक्रमलाई ५० घण्टा अर्थात १० दिनमा सम्पन्न गरी अर्ध दक्ष कामदार उत्पादन गर्न प्रशिक्षकको भुमिका निर्वाह गर्नुहुने प्रशिक्षकद्वय संजय कुमार यादव र रविन्द्र यादवलाई धन्यवाद समेत व्यक्त गर्नु भयो साथै उहाँले तालिमका सहभागीहरुलाई अर्धदक्ष कामदारका रुपमा सुचिकृत हुन समेत आग्रह गर्नुभयो।

तालिमाको सहभागकोितर्फवाट वोलदै लहान नगरपालिका वार्ड नं १४ पिडरवोनर्कि सिता पासमानले कक्षामा जे कुरा सिक्यौ त्यही कुरा समुदायमा गर्‍यौ।त्यसंगरी अर्का सहभागी लहान १६ का ओपिन कुमार सदाले १० दिनमा सिकेका कुरा वाहिरपनि गएर काम गर्न सक्ने वताए।

## तापक्रम बढेसँगै तराईको जनजीवन प्रभावित

धनुषा, २० जेठ। दैनिक तापक्रम बढेसँगै मधेस प्रदेशको जनजीवन प्रभावित भएको छ। मधेसका अधिकांश स्थानमा एक सातादेखि ४० डिग्री सेल्सियसभन्दा माथि तापक्रम बढेकाले यहाँको जनजीवनमा नकारात्मक प्रभाव बढ्न गइ 'लु' को महामारी फैलिनसक्ने जल तथा मौसम विज्ञान कार्यालय, जनकपुरले सचेत गराएको छ।

'लु' का कारण अत्यधिक थकान हुने, कमजोरी हुने, तिर्खा लाग्ने, बेहोस हुने, बान्ता हुनेलगायत जोखिम निम्तन सक्छ। प्रादेशिक अस्पताल जनकपुरका फिजिसियन डा दिग्विजय ठाकुरले 'लु' बाट बच्न घरभित्र वा चिसो ठाउँमा रहन, घाममा हिँडडुल नगर्न, हलुका लुगा लगाउन, घर बाहिर निस्कँदा कपडा वा अरू कुराले टाउको छोप्न, पानी र झोल पदार्थ पर्याप्त पिउन सुझाव दिनुभएको छ।

मधेसमा अत्यधिक गर्मीले विगत केही दिनदेखि दैनिक ज्यालादारी गर्ने मजदुहरुको जनजीवनसमेत कष्टकर बनेको छ। सहरी क्षेत्रमा भने मानिसको चहलपहल निकै कम देखिन्छ। दिउँसोका समयमा घरबाहिर निस्किएर काम गर्न मुस्किल भइरहेको सर्वसाधारणले बताएका छन्। जल तथा मौसम विज्ञान कार्यालय, जनकपुरका प्रमुख राजीव झाले यस वर्ष समयमा नै मनसुनी वर्षा हुने सम्भावना कम देखिएको बताउनुभयो।

झाले जेठ १८ देखि असोज १३ सम्मको अवधिलाई मनसुनी समय स्वीकारेको भए पनि अहिले जेठ महिना सकिन लाग्दासमेत उखरमाउलो गर्मी छ भन्नुभयो। गर्मीको समयमा पानीको कमीका कारण एलर्जीको समस्या धेरैमा हुने गर्छ। शरीरमा पानी कमी भयो

**-बाँकी तीन पेजमा**

## जानकी मेडिकल कलेजका सञ्चालक ओमप्रसाद पाण्डे पक्राउ

**अजय शाह**

महोत्तरी, २० जेठ। राम जानकी हेल्थ फाउन्डेसनका सञ्चालक समिति अध्यक्ष ओमप्रसाद पाण्डेलाई कृत्रिम व्यवसाय (शेल कम्पनी) खडा गरी बैँकबाट लिएको कर्जा दुरुपयोग गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले उहाँलाई धनुषाबाट पक्राउ गरेको हो। सिआइबीका अनुसार महोत्तरीको बर्दिबास नगरपालिका-६ मा रहेको 'इन्स्टिच्युट अफ एग्रिकल्चर, फरेस्ट एन्ड भेटेरिनरी साइन्सेस प्रालि' नामक शेल कम्पनी स्थापना गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बिना तथा धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरेर प्रभु बैँकबाट कर्जा लिएको आरोपमा पाण्डेलाई पक्राउ गरिएको हो।

सिआइबीले पाण्डेले बैँकबाट जुन प्रयोजनका लागि कर्जा लिनुभएको हो, त्यसलाई अन्यत्र प्रयोग गरी पटक-पटक कर्जाको दुरुपयोग गरेको जनाएको छ। उक्त कार्य बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसुर भएको प्रहरीले जनाएको छ।

काठमाडौँ महानगरपालिका-९, रातोपुल निवासी पाण्डे राम जानकी हेल्थ फाउन्डेसनका सञ्चालक समिति अध्यक्ष तथा उक्त कम्पनीका एकल सञ्चालक हुनुहुन्छ। उच्च अदालत पाटनबाट वि.सं. २०८२ मङ्सिर २८ गते पक्राउ पुर्जी जारी भएकामा सिआइबीको टोलीले उहाँलाई बुधबार धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१, रमदैयास्थित जानकी मेडिकल कलेज परिसरबाट पक्राउ गरेको हो।

पाण्डे जानकी मेडिकल कलेजका अध्यक्षसमेत हुनुहुन्छ। कलेजको वेबसाइटमा उल्लेख भए अनुसार, यो मेडिकल कलेजलाई जानकी हेल्थ फाउन्डेसनले सञ्चालन गर्दै आएको छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गतको यो मेडिकल कलेज सन् २००३ मा स्थापना भएको थियो।




**जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं।**

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लंघन हो–यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।

**समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## मधेशमा मन्त्रालय संख्या घटाउन कार्यदल गठन

जनकपुरधाम, २० जेठ। मधेश सरकारले मन्त्रालयहरूको संख्या घटाउन कार्यदल बनाएको छ। मधेशका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्य कार्यदल गठन भएको छ। मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले कार्यदल गठन गर्ने निर्णय गरेको हो। कार्यदलको सदस्यमा

**-बाँकी अन्तिम पेजमा**

# सम्पादकीय

## कानुनको आडमा न्यायको अपहरण !

प्रतिनिधि सभाले हालै पारित गरेको नयाँ नियमावली र सम्पत्ति छानबिन आयोगको कार्यक्षेत्रमा अहिलेका मन्त्री र सांसदको सम्पत्ति छानबिन नपर्ने सरकारको निर्णयले जनादेश पाउनेहरूले कानुनको दुरुपयोग गर्दा हुनसक्ने कुशासनको झल्को देखाएको छ। यी दुवै निर्णय सुशासन र लोकतन्त्रका लागि प्रत्युत्पादक ठहरिनेछन्। वर्तमान मन्त्रिपरिषद् र संसद्का नयाँ सदस्यहरूलाई सम्पत्ति छानबिनको दायराभन्दा बाहिर राख्नु र नियमावलीमा अरू नागरिकभन्दा सांसदहरूलाई कानुनमाथि राख्ने प्रावधान बलपूर्वक पारित गर्नु विधिको शासनलाई कानुनद्वारा शासनुबाट प्रतिस्थापन गर्ने बाटो खोल्नु हो। विधिको शासनलाई छल्न खोज्ने कुनै पनि सत्ता लोकतान्त्रिक हुन सक्दैन।

नियमावलीलाई 'विशेष कानुन' को दर्जा दिनु लोकतन्त्रको आधारस्तम्भ विधिको शासनु नभएर स्पष्ट रूपमा कानुनद्वारा शासन हो। राजनीतिक स्वार्थ अनुकूल कानुनलाई हतियार बनाउने यो प्रपञ्च विधिको सर्वोच्चतालाई आफूलाई जोगाउने ढालमा परिणत गर्न रचिएको देखिन्छ। विगतमा फौजदारी मुद्दा चलेका सांसदहरू निलम्वनमा परेका घटनाबाट रास्वपाका नेताहरू झस्केका हुनुपर्छ। विशेषगरी सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिलगायत थुप्रै नेताहरूमाथि राष्ट्रिय मानव अधिकार आयोगले थप अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको सन्दर्भमा प्रतिनिधि सभाको नयाँ नियमावलीलाई हेरिएको पाइन्छ। रास्वपाका नेताहरूलाई प्रचलित कानुनबाट जोगाउन सांसदहरूलाई नागरिकलाई लाग्ने कानुनबाट उन्मुक्ति दिन खोजिएको देखिन्छ। नेपालको संविधानले भने धारा १८ मा सबै नागरिक कानुनका दृष्टिमा समान हुने प्रत्याभूत गरेको छ ।

नयाँ सरकारका अधिकांश सदस्यको सम्पत्ति विवरण पनि पत्यार लाग्दो देखिएको छैन। विशेषगरी उनीहरूको उमेर र कामकाजसँग देखाइएको सम्पत्तिको विवरण मिल्दोजुल्दो छैन। यही क्रममा गृहमन्त्रीबाट राजीनामा दिएका सुधन सुरुङको त सम्पत्तिको छानबिन भइरहेको छ। गुरुङको छानबिनले पनि अरूलाई झस्काएको हुनुपर्छ। नयाँ मन्त्री र सांसदको सम्पत्ति छानबिन नगर्ने निर्णय सम्भवतः यसैसँग जोडिएको हुनसक्छ। रास्वपा सरकारले २०६३ पछिका सबै पदाधिकारीको सम्पत्ति छानबिन गर्न आयोग गठन गर्दा भ्रष्टाचारप्रति यो सरकार सहनशील नहुने सन्देश गएको थियो। तर, पछिल्ला निर्णयहरूबाट त्यसमा सन्देह बढ्दै गएको छ। यो सरकार कानुनबाटै कानुनभन्दा माथिको वर्ग तयार गर्न लागेको त होइन भन्ने सन्देह उब्जेको छ।

रास्वपा सरकारको यस प्रवृत्तिले जर्ज अरवेलको प्रख्यात उपन्यास 'एनिमल फर्म'को एउटा कालजयी वाक्यको सम्झना गराउँछ –"सबै जनावरहरू समान छन्, तर केही जनावरहरू अरूभन्दा बढी समान छन्"। सबै नागरिक कानुनको नजरमा समान हुनुपर्ने लोकतन्त्रको सर्वमान्य सिद्धान्त हो। तर, बहालवाला नयाँ सांसद र मन्त्रीहरूको सम्पत्ति छानबिन नगर्ने निर्णय र संसद्को नियमावलीलाई विशेषाधिकारका रूपमा सर्वसाधारणको पहुँचभन्दा माथि राख्ने प्रावधानले नेपाली राजनीतिमा 'राजपरिवार'को झल्को दिने 'विशिष्ट वर्ग' को जन्माउन खोजिएको देखिन्छ। त्यस्तै, सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले 'सुशासन' को नारा दिएर सत्ता आरोहण गर्‍यो। उसको अहिलेको प्रतिरक्षा शैली अरवेलकै अर्को उपन्यास 'नाइन्टिन एट्टिफोर' को 'डबलस्पिक'सँग दुरुस्तै मिल्छ। 'डबलस्पिक' भनेको भाषाको यस्तो कपटपूर्ण प्रयोगलाई हो जसमा एउटा कुरा भनिन्छ तर व्यवहारमा त्यसको ठीक उल्टो गरिन्छ। अर्थात्, कथनी र करनीमा नितान्त भिन्नता !

बाहिर नागरिक समानता र संविधानको दुहाई दिने, तर भित्रभित्रै आफ्ना नेताहरूलाई फौजदारी र सम्पत्ति शुद्धीकरण जस्ता गम्भीर अभियोगहरूबाट उन्मुक्ति दिलाउन वा सहज पार्न कानुनको भाषा बङ्ग्याउनु राजनीतिक 'डबलस्पिक' को पराकाष्ठा हो। परिआएका बेला 'बाधा अड्काउ फुकाउने' नाममा नियम नै निलम्बन गर्न मिल्ने ठाउँ राख्नुले उनीहरूको दोहोरो चरित्रलाई छर्लङ्ग पार्छ।

कानुनको उद्देश्य न्याय स्थापित गर्नु हो शक्तिशालीको संरक्षण गर्नु होइन। कानुन नै सर्वसाधारणलाई नियन्त्रण गर्ने र शासकलाई उन्मुक्ति दिने साधन बनेपछि लोकतन्त्र मर्छ। वर्तमान सत्ताले बहुमतको दम्भमा कानुनलाई नै विधि मिच्ने हतियार बनाउन खोजेर अर्वेलियन दुःस्वप्नलाई नेपाली माटोमा ब्युँताउने काम गरेको छ। लोकतान्त्रिक प्रक्रियाबाट सत्तामा पुग्नेहरू सबै लोकतन्त्रवादी हुँदैनन्। लोकतान्त्रिक प्रतिबद्धताको अभावमा थुप्रै जननिर्वाचित नेताहरू कालान्तरमा अधिनायकवादी बनेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी यसको अपवाद बन्नसक्थ्यो। दुर्भाग्य, पछिल्ला केही निर्णय र क्रियाकलापले रास्वपाका नेताहरू लोकतान्त्रिक मूल्य र सुशासनप्रति प्रतिबद्ध नभएको थप पुष्टि हुँदैगएको छ।

सही बाटोमा अगाडि बढ्न कुनै बेला पनि ढिलो हुँदैन। रास्वपा लोकतान्त्रिक दलका रूपमा विकसित हुनसक्ने सम्भावना अझै पनि छ। कानुनलाई हतियार बनाएर जोगिन खोज्दा विगतका नेताहरू जनताको कोपभाजन भएको इतिहास ताजा नै छ। यसैले रास्वपाका नेताहरूका लागि रकमी प्रपञ्च गरेर तत्कालका लागि उम्कने बाटो बनाउन होइन विधिको शासनविपरीत हुने नियमकानुन फिर्ता लिएर जनताको विश्वास जोगाउनु उचित देखिन्छ। कम्तीमा सम्पत्ति छानबिनमा नयाँ र पुराना सबैलाई समावेश गर्ने र कानुन सबैका लागि समान हुने गरी प्रकृतिक न्याय कायम गरेर जनतामा उठेको सन्देह मेटाउने काम होस्।

# सञ्चारकर्मीले प्रविधिसँग जुध्दै व्यावसायिक नैतिकता कसरी जोगाउने ?

**आज सञ्चारकर्म इतिहासकै सबैभन्दा गतिशील र चुनौतीपूर्ण मोडमा उभिएको छ। हिजो समाचार खोज्नुपर्थ्यो, आज समाचारले आमव्यक्तिलाई खोज्दै मोबाइल स्क्रिनसम्म आइपुग्छ। प्रविधिको विकासले सूचना प्रवाहलाई लोकतान्त्रिक त बनाएको छ, तर भ्युज र भाइरलको होडबाजीले पत्रकारिताको मूल मर्म– विश्वसनीयतामै गम्भीर सङ्कट पैदा गरेको छ।**




प्रविधिको विकाससँगै सञ्चारकर्म पनि प्रभावित हुन पुगेको वर्तमान युगमा पत्रकारिता पनि परिवर्तनबाट अछुतो छैन। यो यथार्थलाई सञ्चारसँग सम्बन्धित व्यक्ति र निकायले जतिसक्दो छिटो स्वीकार गरेर तदनुकूलको रणनीति अख्तियार गर्छन्, पत्रकारिता त्यति नै प्रभावकारी हुने निश्चित छ। सञ्चारकर्म इतिहासकै सबैभन्दा गतिशील र चुनौतीपूर्ण मोडमा उभिएको छ हिजो सञ्चारमाध्यम सीमित र नियन्त्रित थिए, आज सूचनाको बाढी छ। हिजो समाचार खोजिन्थ्यो, आज समाचार आमव्यक्तिलाई खोज्दै मोबाइलको स्क्रिनसम्म आइपुग्ने अवस्थाको निर्माण भएको छ यस आधारमा भन्न सकिन्छ– आजको अवस्थामा सर्वाधिक महत्त्वपूर्ण तरिकाले स्वीकार गरिनुपर्ने कुरा के हो भने सञ्चारकर्मको परिवेश बदलिंदो छ ।

वर्तमान परिप्रेक्ष्यमा यो वास्तविकतालाई स्वीकार नगर्ने हो भने सञ्चारकर्ममा संलग्नहरूले प्रभावकारी रूपमा कार्यसम्पादन गर्न कठिन हुनसक्छ। सम्बद्ध पक्षले के हेक्का राख्नु जरूरी छ भने वर्तमान समयमा प्रविधिका कारण पाठक, दर्शक/श्रोताको बानी र सामग्री प्रस्तुतीकरणमा युगान्तकारी परिवर्तन आएको छ र सञ्चारकर्मीले त्यो परिवर्तनलाई आत्मसात् गर्नु अपरिहार्य छ।

अवस्था त कहाँसम्म छ भने नयाँ परिवेशमा समग्र पत्रकारिता र समाचारकै परिभाषा र प्रकृतिमै पनि परिवर्तन आएको हो कि भन्ने भान पर्न सक्छ। पत्रकारिता र समाचारको मूल मान्यताका सन्दर्भमा परिवर्तनलाई अस्वीकार गर्ने हो भने पनि शैली र स्वरूपमा आएको परिवर्तनलाई अस्वीकार गर्न मिल्दैन। केही त माध्यममा आएको परिवर्तनका कारण पनि पत्रकारिता, समाचार र समग्रमा सञ्चारकर्म प्रभावित हुन पुगेको यथार्थ हाम्रासामु छ।

प्रविधिको नयाँ लहरका कारण डिजिटल रूपान्तरणको अवस्था सिर्जना भएको छ। यसबाट सबैभन्दा बढी प्रभावित हुन पुगेका छन्, परम्परागत मिडिया। छापा, रेडियो र टेलिभिजन जस्ता परम्परावादी मिडिया डिजिटलमा फड्को मार्न बाध्य भएका छन्। यो बाध्यात्मक अवस्थाका कारण पत्रकारिताको विगतको अभ्यास प्रभावित हुन पुगेको छ।

अहिले एउटै मोबाइलमा संसार छ भन्ने मान्यताको विकास भएको छ। केही हदसम्म यो मान्यता सही पनि हो। हिजोको दिनमा समाचारमाथि मिडियाको नियन्त्रण हुन्थ्यो/थियो। एउटा समाचारका लागि भोलिपल्टको पत्रिका वा निश्चित समयको समाचार बुलेटिन कुर्नुपर्थ्यो। आज त्यस मान्यतामा परिवर्तन आएको छ। आज रियल–टाइम (तत्काल) अपडेट ( अद्यावधिक) मोबाइलको स्क्रिनमै आइपुग्छ।

प्रविधिमा आएको परिवर्तनका कारण छापा माध्यम (पत्रिका), रेडियो र टेलिभिजनको एकाधिकार सकिएर अहिले अनलाइन पोर्टल, पोडकास्ट र सामाजिक सञ्जाल ( फेसबुक, युट्युब, टिकटक) सञ्चारका मुख्य माध्यम बनेका छन्। निश्चय नै यो अवस्थाले एकातिर सूचनामाथिको परम्परागत नियन्त्रणकारी अवस्थाको अन्त्य भएको तर सूचनाको प्रवाह अनियन्त्रित हुन पुगेको छ।

अर्कोतिर आमव्यक्तिका हातमा सञ्चारमाध्यम पुग्दा नागरिक पत्रकारितालाई बल त पुगेको छ तर सँगसँगै द्रुत सूचना सम्प्रेषण मान्यताको विकासको उपस्थितिमा सूचनाको पुष्टि र पुनर्पुष्टिको प्रक्रिया प्रभावित हुन पुगेको छ भन्दा अस्वाभाविक हुँदैन। कतिपय सन्दर्भमा त पाठक, श्रोता र दर्शकमाझ छिटो पुग्ने लोभ संवरण गर्न नसक्दा समाचार सम्पादनको प्रक्रियालाई पनि पूर्णतः अनुसरण गर्न सकिएको पाइँदैन।

यस पृष्ठभूमिको उपस्थितिमा विश्वसनीय सञ्चारकर्मको अवधारणा नै संकटग्रस्त हुन पुगेको छ, जो अत्यन्त स्वाभाविक छ। यसै महिनाको प्रारम्भमा जनकपुरमा आयोजित साहित्य महोत्सवमा यसै विषयको सेरोफेरोमा छलफल भएको स्मरणीय छ। पछिल्लो समयमा सूचनाग्राहीकै पहिचानमा पनि परिवर्तन आएको छ भन्दा असङ्गत ठहर्दैन। केही समयअघिसम्म 'सूचना सबैका लागि' भन्ने मान्यताका आधारमा परम्परावादी मिडियाहरू सञ्चारकर्म र सूचना सम्प्रेषण गर्थे। पछिल्लो समयमा विगतको मान्यतामा थोरै परिवर्तन आयो र 'जसले उपयोग गर्छ, सूचना उसैका लागि हो' भन्ने अवधारणाको विकास भयो।

अर्थात् सूचनाको सम्बन्ध आवश्यकता केन्द्रित उपभोग्य सामग्रीसँग जोडियो। अर्थात् सूचना अब वस्तुमा परिवर्तन भयो र सूचनाको उपयोगितावादी मान्यतालाई आत्मसात् गरेर 'कर्पोरेट मिडिया' सूचना–वस्तु बिक्री गर्न बजारमा दह्रो ढङ्गले उपस्थित भए। वर्तमानमा एकपटक पुनः मान्यतामा परिवर्तन आउन खोजेको जस्तो देखिंदैछ। हिजोका सूचनाग्राहीहरू आजको दिनमा अब 'उपभोक्ता' बाट 'उत्पादक' मा परिवर्तन भइरहेका छन्। विगतमा जनता सूचनाका केवल 'उपभोक्ता' थिए। आज प्रविधिले फड्को मारेको बेलामा नागरिक पत्रकारिताको अस्तित्वलाई अस्वीकार गर्न सकिने अवस्था छैन ।

यसले लोकतन्त्रमा सूचनाको पहुँच र महत्वलाई प्रमाणित गर्छ। स्मार्टफोन र इन्टरनेटको पहुँचले गर्दा प्रत्येक नागरिक आफैंमा एक 'प्रकाशक' वा 'पत्रकार' बनेका छन्। यस परिस्थितिमा के भन्न सकिन्छ भने नागरिक पत्रकारिताले सूचना प्रवाहलाई लोकतान्त्रिक त बनाएको छ, तर सँगसँगै चुनौती पनि थपेको छ।

माथि पनि थोरै चर्चा गरियो, वर्तमानमा पत्रकारिताले विश्वसनीयताको संकट बेहोर्न बाध्य हुनुपरेको छ। सूचना प्रवाहमा तीव्रताको उपस्थितिमा सम्पादकीय प्रक्रियाको पूर्णतः अनुसरण हुन नसक्दा समस्या उत्पन्न हुन पुगेको छ। आजको अवस्थामा सम्पादकीय प्रक्रियाको अर्थ र महत्त्व बुझेको व्यावसायिक पत्रकार र सम्पादकीय प्रक्रिया अनुसरणभन्दा तीव्र समाचार सम्प्रेषणलाई महत्व दिने नागरिक पत्रकार बीचको संघर्षमा पत्रकारिताको मूल्य–मान्यता प्रभावित हुन पुगेको यथार्थलाई अस्वीकार गर्न सकिंदैन।

अल्गोरिदमको खेल अर्को समस्याका रूपमा उपस्थित भएको छ। आज सञ्चारमाध्यमलाई सत्यताभन्दा पनि 'भ्युज, लाइक्स र भाइरल' हुने होडबाजीले डोर्‍याइरहेको देखिन्छ। 'फेक न्युज' का कारण विश्वसनीयताको संकटले क्रमशः आकार बढाइरहेको छ। 'फेक न्युज' र एआईद्वारा निर्मित 'डिपफेक' सामग्रीहरूले गर्दा कुन सत्य हो र कुन भ्रम हो भनेर छुट्याउन गाह्रो पर्ने अवस्थाको सिर्जना भएको छ।

यस्तो बेला सञ्चारकर्मीको मुख्य चुनौती नै आफ्नो विश्वसनीयता जोगाउनु हो। सारमा भन्ने हो भने, सञ्चार प्रविधिमा भएको विकासले पत्रकारिताको मूल आधार मानिने विश्वसनीयता नै संकटग्रस्त बन्न पुगेको छ। विमति हुन सक्दैन, यसबाट जोगिएर आमव्यक्तिलाई शुद्ध र आवश्यक सूचना पस्किने दायित्व सञ्चारकर्मीकै हो। यो चुनौतीको सामना गर्न अहिलेको परिवेशमा केवल लेख्न वा बोल्न जान्ने सञ्चारकर्मी मात्र टिकिरहन सक्दैन। आजको सञ्चारकर्मी 'मल्टिटास्किङ' हुनुपर्छ। पुराना पुस्ताकाले नयाँसँग प्रतिस्पर्धा गर्ने आँट राख्नुपर्छ। आजको सञ्चारकर्मीलाई डकुमेन्ट्री खिच्न, भिडियो सम्पादन गर्न, सामाजिक सञ्जाल व्यवस्थापन गर्न र एआई टुल्सको सही प्रयोग गर्न आउनु जरूरी छ।

वर्तमान समयमा समाचार लेखन, उद्घोषण र तथ्याङ्क विश्लेषणमा एआईको प्रयोग बढ्दो छ। यसले सञ्चारकर्मलाई छिटो त बनाएको छ, तर मानवीय संवेदना, नैतिकता र पत्रकारिताको मर्ममाथि प्रश्न पनि तेर्स्याएको छ। पत्रकारिताको शैली, तरिका र प्रक्रियामा परिवर्तन आउन सक्छ/आउँछ। तर पत्रकारिता भने मर्दैन। यो निरन्तर रहिनै रहन्छ। जुनसुकै एआईले पनि पत्रकारितालाई प्रतिस्थापन गर्न सक्दैन। समाजमा खोजी समाचार र मानवीय संवेदनाको अध्ययन विश्लेषणको जहिलेसम्म महत्व रहन्छ, त्यस बेलासम्म पत्रकार र पत्रकारिताको अस्तित्व पनि कायम रहन्छ।

परिवेश जतिसुकै बदलियोस्, प्रविधि जतिसुकै आधुनिक होस्, सञ्चारकर्मको मूल मर्म भनेको सत्य, तथ्य, निष्पक्षता र विश्वसनीयता नै हो। प्रविधिलाई आफ्नो अनुकूल प्रयोग गरेर व्यावसायिक नैतिकतालाई जोगाइराख्नु नै आजको मुख्य चुनौती भएको कुरामा शंका छैन। अनलाइनखबरबाट

# निजी अस्पतालमा स्वास्थ्य बीमा सेवा बन्द, मारमा विपन्न

नोबेल मेडिकल कलेजका सूचना अधिकारी नवीन दाहाल भन्छन पहिले बीमामार्फत उपचार गराउने बिरामी धेरै थिए। अहिले बिरामी घटेको छन्। 'बीमा सुविधा नहुँदा धेरै विपन्न नागरिक उपचारबाटै वञ्चित हुने अवस्था सिर्जना भएको छ।




**पर्वत पोर्तेल**

विराटनगर, २० जेठ। सरकारले निजी अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम स्थगित गर्ने निर्णय गरेपछि मिर्गौला, मुटु, क्यान्सरलगायत दीर्घ तथा जटिल रोगका बिरामीहरू प्रत्यक्ष प्रभावित भएका छन्। विशेषगरी नियमित उपचार र डाइलाइसिसमा निर्भर विपन्न परिवारहरू थप आर्थिक तथा मानसिक तनावमा परेका छन्।

सुनसरीको इनरुवा–१ का प्रमोद पोद्दार तीन महिनादेखि विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा स्वास्थ्य बीमामार्फत नियमित डाइलाइसिस गराउँदै आएका थिए। सरकारको निर्णयसँगै नोबलले बीमामार्फत उक्त सेवा उपलब्ध नगराउने भनेसँगै उनी चिन्तित बनेका छन्। प्रमोदकी श्रीमती तोया भन्छिन्, 'बिरामीलाई अर्को अस्पताल लैजान सक्ने अवस्था पनि छैन। पैसा तिरेर यहीँ उपचार गराउन सक्ने स्थिति पनि छैन। अब के गर्ने भनेर अन्योलमा छौं।'

सरकारले आकस्मिक ( इमर्जेन्सी) सेवामा भने निजीमा बीमा सुविधा यथावत रहने जनाएको छ। तर निजी अस्पतालहरूले आकस्मिक मात्रै हैन बीमाबाट कुनै पनि सेवा नदिने जनाएको सेवाग्राहीहरूको गुनासो छ। सरकारको निर्णय र निजी अस्पतालको अडाका कारण बिरामीका परिवार दोहोरो पीडाबाट गुज्रिरहेका छन्। साताको दुई दिन बिदा र बीमासम्बन्धी सरकारको निर्णयपछि अहिले सरकारी अस्पतालहरूमा बिरामीको चाप थेगिसक्नु छैन। विशेषगरी मिर्गौला डाइलासिस गराइरहेका बिरामीले पालो पाउने सम्भावना निकै कम छ ।

तोया भन्छिन्, 'सरकारी अस्पतालमा डाइलाइसिसका लागि पालो पाउन निकै कठिन छ। पहुँच र पैसा नभएका बिरामीका लागि झन् समस्या छ।' सुनसरीको इटहरी–३ का ५२ वर्षीय विमल विकको अवस्था पनि पोद्दारको जस्तै छ। मिर्गौला रोगबाट पीडित उनी दुई महिनादेखि स्वास्थ्य बीमाकै सहायतामा नियमित डाइलाइसिस गराइरहेका थिए। स्वास्थ्य अवस्था जटिल हुँदा कहिलेकाहीँ आईसीयूमा समेत भर्ना गर्नुपर्ने हुन्थ्यो, यस खर्च बीमाले समेट्थ्यो। तर, बीमा सेवा बन्द भएपछि विपन्न दलित परिवारमाथि उपचार खर्चको ठूलो बोझ थपिएको छ। विमलका भतिजा राहुल भन्छन्, 'दैनिक गुजारा चलाउनै कठिन भइरहेको अवस्थामा उपचार खर्च जुटाउन झन् समस्या भएको छ।'

नोबेल मेडिकल कलेजका सूचना अधिकारी नवीन दाहालका अनुसार बीमा सेवा स्थगित भएपछि सबैभन्दा बढी असर आर्थिक रूपमा कमजोर वर्गमा परेको छ। 'पहिले बीमामार्फत उपचार गराउने बिरामी धेरै थिए। अहिले बिरामी घटेको छ,' उनले भने, 'बीमा सुविधा नहुँदा धेरै विपन्न नागरिक उपचारबाटै वञ्चित हुने अवस्था सिर्जना भएको छ।' विराट मेडिकल कलेजका अध्यक्ष डा. ज्ञानेन्द्रमानसिंह कार्कीले निजी अस्पतालमा बीमा सेवा बन्द गर्ने सरकारको निर्णयले आमनागरिकको स्वास्थ्य पहुँचमा गम्भीर असर परेको बताए। 'सरकारले सरोकारवालासँग पर्याप्त छलफल नगरी अचानक बन्द गर्ने निर्णय गऱ्यो,' उनले भने, 'यसबाट देशभरका ६० लाखभन्दा बढी बीमित प्रभावित बनेका छन्।'

# कृषि उद्यमबाट सहकारीमा जम्दै मधेसका महिला

महोत्तरी, २० जेठ। आम रूपमा मधेसमा महिलाको गणना चुलोचौकाको काममा मात्र गनिन्छ भन्ने गुनासो सुनिन्छ। तर पछिल्ला समयमा मधेसका महिलाले सहकारीका माध्यमले कृषि क्षेत्रका कामबाटै आफूलाई सामाजिक र आर्थिक क्षेत्रमा सफल उद्यमीका रूपमा उभ्याएका छन्।

महिला मात्र आबद्ध महिला सामाजिक उद्यमी सहकारी मधेसमा स्थापित मानिन्छन्। मधेसका महोत्तरी, धनुषा, सर्लाही, रौतहट, सिरहा र बारासहित छ जिल्लामा महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले पशुपालन, तरकारी खेती र कृषि उत्पादनकै बेचबिखन गरिने पसल संस्थागत रूपमा सञ्चालन गरेर सफल उद्यमीको परिचय बनाएका छन्। महिलालाई यो कार्यमा अन्तरराष्टिय सामाजिक संस्था हेफर इन्टरनेसनलले सहयोग र उत्प्रेरणा गर्दै आएको छ।

महोत्तरीको बर्दिबास–१० र ११ को खयरमारा सेरोफेरोलाई कार्यक्षेत्र बनाएको ज्योति महिला सामाजिक उद्यमी सहकारी बर्दिबास–११ का अध्यक्ष चनावती श्रेष्ठ भन्नुहुन्छ, "अहिले हामीलाई काम भ्याइनभ्याइ छन्।" यो सहकारीले दूधका लागि गाई/भैँसीपालन, बाख्रापालन, बङ्गुरपालन, उपभोक्ता पसल सञ्चालन गर्दै आएको छ। समूहले पशुपालनलाई प्रवर्द्धन गर्न जई, मेण्डोला, स्टाइलो, नेपियर र डालेघाँसको बीउ उत्पादन गर्दै आएको छ।

"हामीले यो वर्ष एक हजार बढी खसी बेचिसकेका छौँ, तीन हजारभन्दा बढी खसी पालेका छौँ," ज्योति महिला सामाजिक उद्यमी सहकारीका सचिव सरस्वती विश्वकर्मा भन्नुहुन्छ, "खयरमारामा पर्ने दुवै वडाभित्र १० भन्दा बढी बस्ती छन्, सबै बस्तीका महिला अहिले सहकारीमा आबद्ध हुने क्रम बढ्दो छ।" सुरुमा २५ महिलाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३७८ सेयर सदस्य पुगेका छन्।

सहकारीको कार्यसमितिको नियमित बैठक, साधारणसभालगायत गतिविधिमा सरिकता बढ्दै जाँदा अब यहाँका महिलाको विभिन्न क्षेत्रका स्थानीय विकासका सरोकारमा सहभागिता बढ्दै गएको बर्दिबास नगरपालिकाका उपप्रमुख तारादेवी महतो बताउनुहुन्छ।

यसैगरी, सर्लाहीको हरिपुर महिला सामाजिक उद्यमी सहकारी हरिपुरले दूध उत्पादनका लागि आफ्ना सदस्यलाई भैँसीपालनमा ऋण सहयोग गरेको छ। यो सहकारीले अहिले दूध सङ्कलन गर्न पाँच ठाउँ केन्द्र बनाएको छ। विसं २०६७ मा स्थापित यस सहकारीमा अहिले ८७४ सेयर सदस्य छन्। सहकारीको कुल कारोबार रु सात करोड नाघेको छ। सेयर सदस्यको बचत नै रु तीन करोड नौ लाख २८ हजार रहेको अध्यक्ष मञ्जु चौधरी थारू बताउनुहुन्छ।

"सहकारीमा दूधका लागि भैँसीपालन गर्ने र बाख्रापालन गर्ने सदस्यले मुख्य काम पाएका छन्," चौधरी भन्नुहुन्छ, "यसपालि भर्खर बकर इद पर्वमा दुई हजार ५०० खसी बेचेका छौँ।" सोअघि गत फागु पर्व र दसैँमा गरी तीन हजार खसी बेचिएको उहाँले बताउनुभयो। यो सहकारीले आफ्ना सदस्यको घरमा हुने दूध किनेर विभिन्न परिकार बनाई बिक्री वितरण गर्ने गरेको छ। यसरी कृषि कार्यमा जुटेका महिलाको आर्जन निरन्तर बढ्दै गएको उहाँको भनाइ छ ।

यस्तै, सर्लाहीकै लालबन्दी–१६ न्यू उदय महिला सामाजिक उद्यमी सहकारीका १० भन्दा बढी सदस्यले दूध उत्पादनका लागि गाई, भैँसीपालनको कृषि फार्म नै सञ्चालन गरेका छन्। विसं २०७८ मा २५ जनाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३० सेयर सदस्य पुगेका छन्। विदेशबाट फर्केका युवालाई कृषि कार्यमा जोड्न विशेष योजनासाथ लागिएको यस सहकारीकी व्यवस्थापक शर्मिला मोक्तान बताउनुहुन्छ। यो सहकारीका सदस्यले पछिल्लो एक महिनाभित्र एक हजार २०० खसी बेचेको मोक्तानको भनाइ छ। यसैगरी, यो सहकारीले ८०० लिटरसम्म दूध सङ्कलन गरेर दूधजन्य परिकारको उद्योग सञ्चालन गरेको छ।

यस्तै रौतहटको गजुरा–३ का महिलाले आरम्भ महिला सामाजिक उद्यमी सहकारी सञ्चालन गरेका छन्। यो सहकारीले खसीपालन, मासु बिक्री वितरण र निगुरोको साग (मुन्टा) बिक्री वितरण गरेर प्रशस्त आर्जन गर्दैछ। अहिले ३५४ महिला आबद्ध यो सहकारीले चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्मको अवधिमा दुई हजार ५०० खसी बिक्री गरेको अध्यक्ष पुनम चौधरी थारूले बताउनुभयो।

महिलाको सहकारीमार्फत कृषि कार्यमा बढ्दो चासोमा घरका परिवारजनको राम्रो साथ सहयोग पाइने गरिएको उद्यमी महिलाको अनुभव छ। अवसर र सहयोग मिल्नसके महिलाले जस्तोसुकै काम पनि व्यवस्थित रुपले गर्न सक्छन् भन्ने मधेसका महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले चरितार्थ गरेका बर्दिबास–११ खयरमाराका सामाजिक अगुवा चन्द्रलाल गौतम बताउनुहुन्छ।

हेफर इन्टरनेसनलले सहकारीमा आबद्ध महिलालाई व्यवसाय विस्तार र दिगोपनाका लागि आवश्यक साझेदारी र लगानीका अवसर खोज्न सहयोग समन्वय गर्दै आएको छ। हेफरको जनकपुरस्थित क्षेत्रीय कार्यालयले पूर्वी नेपालका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीलाई सहयोग समन्वय गर्दै आएको छ। यीमध्ये मधेसका छ जिल्ला छन्। अन्य जिल्लामा बागमती प्रदेशका चार र कोशी प्रदेशका दुई जिल्ला रहेका हेफर इन्टरनेसनल जनकपुर क्षेत्रीय कार्यालयका प्रमुख दीपेश पोखरेलले जानकारी दिनुभयो।

मधेसका महिला सामाजिक उद्यमी सहकारीहरूको समीक्षा र मूल्याङ्कनसहितको मङ्गलबार बर्दिबासमा सम्पन्न योजना तथा लगानी सम्मेलनमा सहकारी प्रतिनिधिले हालसम्मको कामको समीक्षा गर्नसँगै भावी योजना पनि प्रस्तुत गरेका छन्। सम्मेलनको मुख्य ध्येय यी सहकारीहरूको व्यवसाय वृद्धि योजना तयार गर्ने, नवीन सोच र उद्यमशीलता विकास गर्ने र लगानीकर्तासम्म प्रभावकारी पहुँच बढाउने रहेको महिला सामाजिक उद्यमी सञ्जाल बागमती प्रदेश उपाध्यक्ष होमकुमारी ठकुरीले स्पष्ट पार्नुभयो।

हेफरको जनकपुर क्षेत्रीय कार्यालयको समन्वयमा रहेका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीमा ६२ हजार महिला आबद्ध छन्। यो सङ्ख्याभित्र मधेसका २० हजार बढी महिला आबद्ध रहेका क्षेत्रीय कार्यालय प्रमुख पोखरेलको भनाइ छ। यी सहकारीमा महिलाले देखाएका तत्परता र गरेका कामको उपलब्धि साँच्चै हौसला बढाउने तहको भएको हेफर क्षेत्रीय कार्यालय जनकपुरको मूल्याङ्कन छ। उद्यमी महिलाले घर, परिवार, समाज र यहाँका निकायबाट सकारात्मक सहयोग र समन्वय पाउनसके सहकारीका माध्यमबाट निकै उपलब्धि हासिल हुने सामाजिक आन्दोलनकी नेत्री बर्दिबास–३ का बासिन्दा सरस्वती चौधरीको प्रतिक्रिया छ।

# डाँका समुहको गोली प्रहारबाट दम्पति घाइते

**नागेन्द्रकुमार कर्ण**

महोत्तरी, २० जेठ। महोत्तरी जिल्लाको सोनमा गाउँपालिकामा मङ्लबार राति डाँका समुहको कुटपिट र गोली प्रहारबाट दम्पति घाइते भएका छन्। जिल्लाको सोनमा गाउँपालिका वडानं. ३ खखनामा मङलबार राति डाँका समुहको प्रतिकारमा रामेश्वर यादव भन्ने २७ वर्षीय ईश्वरनारायण यादव तथा उनकी पत्नी २२ वर्षीया किरण यादव घाइते भएका हुन्। जिल्लाको पिपरा गाउँपालिका वडानं. २ अतरार घर भई ससुरा रामविश्वास यादवको घरमा श्रीमतीसँगै बस्दै आएका यादव सम्सी गाउँपालिकामा जनस्वास्थ्य अधिकृत सातौं पदमा कार्यरत रहेका छन्। ससुराहरू जनकपुरमा बस्दै आएकोले घरमा श्रीमान् र श्रीमती मात्रै बस्ने गरेको जनाइएको छ।

घाइते भई जनकपुरमा उपचाररत यादवले अनुहार छोपेर घर भित्र प्रवेश गरेका ६/७ जनाको डाँका समुहले एक्कासि आफ्नो आँखा, हात, खुट्टा बाँधेर निर्धात कुटपिट गरेको र पछि गोली चलाएर घाइते बनाएको बताउनुभयो। एक्कासि कुटपिट गरिरहेका डाँकाहरूले मैथिली भाषामै गोली हानिदिन्छु धम्की दिँदै गोली चलाएर घाइते बनाएको बताउनुहुँदै यादवले भन्नुभयो,'श्रीमान्लाई कुटपिट नगर्नुस् भन्दा श्रीमती किरणलाई पनि कपाल तानेर लछाडपछाड गरेको र भाग्न खोज्दा उनीमाथि पनि गोली चलाएको थियो ।'

यादवको कुम र व्युटी बोर्नको बिचमा तथा उनकी श्रीमती किरणको घुँडामा गोली लागेको छ। गोली प्रहार गरेर पनि उनीहरूले आफुहरूलाई कुटि नै रहेको बताउनुहुँदै उहाँले उनीहरूको उद्देश्य डकैतीभन्दा पनि बढी ज्यान मार्ने देखिएको बताउनुभयो। गोलीको आवाज चलेपछि स्थानीयहरू जागा भएपछि डाँकाहरू भागेको र पछि स्थानीयहरूले आफुहरूलाई उद्धार गरी राति नै रामगोपालपुर नगरपालिका वडानं. ९ मा रहेको जानकी एकेडेमिक अस्पतालमा प्राथमिक उपचार गरि थप उपचारका लागि जनकपुरस्थित जानकी हेल्थ केयरमा लगिएको जानकारी दिनुभयो। अहिले दुवै जनाको अवस्था स्थिर रहेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक पन्चलाल गोलेले डाँका गर्ने उद्देश्यले घरभित्र छिरेका समुहले प्रतिकारमा दम्पतिलाई घाइते बनाएको प्रारम्भिक अनुसन्धानले देखाएको बताउनु हुँदै थप जानकारी जुटाउने प्रयास गरिरहेको बताउनुभयो। घरमा सामानहरू छरपस्ट अवस्थामा छन्, घाइते दम्पतिको तिलहरी, हनुमानी लगायतका सामानहरू लुटिएको र दराज लगायतका विभिन्न बाकसहरू समेत फुटाइएको अवस्थामा रहेकोले डाँका गर्ने उद्देश्य हुन सक्ने प्रवक्ता गोलेले बताउनुभयो। उहाँले घटनास्थल पुगेर अवलोकन गरी थप अनुसन्धान गरिरहेको जानकारी दिनुभयो। स्थानीयवासीहरूले घटनास्थलबाट झन्डै१ किलोमिटरको दूरीमा रघुनाथपुर प्रहरी चौकी, सम्सी प्रहरी चौकी तथा त्यसको छेउ मै सशस्त्र प्रहरीको क्याम्प रहेको जनाउँदै सुचना पाएर पनि प्रहरी ढिला आएको आरोप लगाएको छ।

## तापक्रम बढेसँगै ...

भने शरीरबाट विषाक्त पदार्थ बाहिर आउन सक्दैन।

डा ठाकुरले गर्मीबाट जोगिन तिर्खा नलागे पनि दिनको आठ गिलास पानी पिउन सुझाव दिनुभएको छ। ठाकुरले पानीका कमीले शरीरमा डिहाइड्रेशनको समस्या आउनसक्ने बताउँदै पानीको पिउनुको सट्टा बियर, कफी, सोडाजस्ता पेयपदार्थ झनै हानिकारक हुने बताउनुभयो।

# मधेशका खुद्रे योजना : मन्त्री क्वार्टरमै कर्मचारीबीच झगडा

विवाद शिक्षा इकाइमा कार्यरत अधिकृत लक्ष्मण राम र मन्त्रालयका लेखा अधिकृत सुशीलकुमार यादवबीच भएको थियो। विवादको विषय थियो– रेडबुकमा रहेका तालिम, गोष्ठी, सडक नाटक जस्ता खुद्रे कार्यक्रम कार्यान्वयन कसरी गर्ने।




**शैलेन्द्र महतो**

जनकपुरधाम, २० जेठ। गत २ जेठमा मधेश प्रदेशकी तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारी शर्माको क्वार्टरमा दुई कर्मचारीबीच योजना कार्यान्वयनबारे विवाद भयो। मन्त्री तिवारी र सचिव दिलिपकुमार ठाकुरकै अगाडि अश्लिल शब्दमा एकअर्काबीच गालीगलोज मात्र भएन, हात हालाहालकै स्थिति बन्यो। यो विवाद शिक्षा इकाइमा कार्यरत अधिकृत लक्ष्मण राम र मन्त्रालयका लेखा अधिकृत सुशीलकुमार यादवबीच भएको थियो। विवादको विषय थियो– रेडबुकमा रहेका तालिम, गोष्ठी, सडक नाटक जस्ता खुद्रे कार्यक्रम कार्यान्वयन कसरी गर्ने।

अधिकृत रामको तर्क थियो– तालिमहरू पत्रपत्रिकामा विज्ञापन गरेर मात्र सञ्चालन हुनुपर्छ। मन्त्रालयले भने गोप्य रूपमै सञ्चालन गर्न चाहेको थियो। यही विषयमा भनाभान हुँदै दुई कर्मचारीबीच गालीगलोजसँगै हात हालाहालको स्थिति सिर्जना भएको थियो। शिक्षा तथा संस्कृति मन्त्रालयमा तालिम, गोष्ठी, सडक नाटक जस्ता खुद्रे योजना ७ करोड रुपैयाँ हाराहारीमा छन्। यस्ता योजनाहरू विगतमा पनि मन्त्री, सचिवदेखि तल्लो तहका कर्मचारीसम्मको मिलेमतोमा व्यक्ति वा फर्मलाई कमिसन लिएर बेच्ने गरिएको आरोप लाग्दै आएको छ।

मन्त्री क्वार्टरमा भएको घटनापछि इकाइ अधिकृत रामको जेठ ६ गते अचानक शिक्षा विकास निर्देशनालयमा सरुवा भयो। उनको स्थानमा अर्का अधिकृत किशोरी कापरलाई जिम्मेवारी तोकियो। 'मलाई गोप्य रूपमा यस्ता योजना सञ्चालन गर्न दबाब दिइएको थियो। मैले त्यसो नगर्ने भनेपछि विवाद भएको थियो,' अधिकृत रामले भने, 'मेरो किन सरुवा भयो, उहाँहरूलाई नै थाहा होला।' तत्कालीन मन्त्री तिवारीले पनि मन्त्रालयकै इकाइ शाखाका कर्मचारीबीच विवाद भएको स्वीकारेकी थिइन्। मन्त्रालयका सचिवले भने विवाद नभएको जिकिर गरेका थिए। कर्मचारी सरुवा नियमित रहेको उनीहरूको तर्क थियो।

तालिम र गोष्ठीका योजनाहरू कार्यान्वयन गर्ने उद्देश्यले नै मन्त्री, सचिवको सहमतिमा रामको सरुवा भएको थियो। तर जेठ ७ गते सत्ता समीकरण फेरिएपछि जसपा नेपालबाट मन्त्री रहेकी तिवारी बर्खास्तीमा परिन्। अहिले नेकपा एमालेबाट मनोजकुमार सिंह शिक्षा तथा संस्कृति मन्त्री छन्। मन्त्रालय त्यस्ता तालिम, गोष्ठी जस्ता योजनाहरू कार्यान्वयनको लागि अघि बढेको छ। विवादपछि थाती रहेका खुद्रे योजनाहरू कार्यान्वयन गर्न मन्त्रालयले मंगलबार सूचना प्रकाशित गरेको छ।

११ वटा यस्ता योजना कार्यान्वयन गर्न प्रस्ताव पेसको लागि मन्त्रालयले निकालेको १५ दिने सूचनामा १० लाखका ८ वटा, ९ लाखका २ वटा र ८ लाखको एउटा योजना छन्। वर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादव भने यस्ता योजनाहरू कार्यान्वयन नगर्नेमा थिए। मधेश प्रदेश सरकारको चालु आर्थिक वर्षमा बजेट घाटा १२ अर्बभन्दा बढी रहेकोले प्रत्येक योजनामा २० प्रतिशत कटौती गरेर कार्यान्वयन गर्न र चल्न नसक्ने, औचित्यहीन र टुक्रे योजनाहरूलाई समर्पण गर्न अर्थ मन्त्रालयले पत्राचार नै गरेको थियो।

तर, केही मात्रामा मात्र कार्यान्वयन भयो। आर्थिक वर्षको अन्त्यमा आएर यस्ता खुद्रे र औचित्यहीन योजनाहरू कार्यान्वयन गर्न मन्त्रालय अग्रसर भएको छ। मन्त्रालयको स्वीकृत बजेट रहेकाले कार्यान्वयनमा अगाडि बढेको मन्त्रालयका सचिव दिलिप ठाकुरले बताए। 'यो स्वीकृत बजेट हो। केही दिन अघिसम्म बजेट अर्थ मन्त्रालयमै पीएलआईएमबीएसमा लक थियो। खुलेपछि कार्यान्वयन गर्न लागिएको छ,' उनले भने।

यो मन्त्रालयमा योजना कार्यान्वयनको विषयलाई लिएर सधैं लफडा हुने गरेको छ। योजनाको चिठी बिक्री–वितरण यो मन्त्रालय मात्र होइन, मधेश सरकारका हरेक निकायमा समान्य जस्तै भइसकेको छ। वैशाख २८ गते यसै मन्त्रालयमा तत्कालीन मन्त्री तिवारी र रौतहटको बौधीमाई नगरपालिकाका मेयर प्रदीप यादवबीच योजनाका 'चिठी बेचेको' विषयलाई लिएर विवाद भएको थियो। मेयर यादवले आफ्नो पालिकाका केही वडाको योजनाको चिठी बेचेको विषयमा गुनासो गर्न जाँदा मन्त्री तिवारीकै कार्यकक्षमा नोकझोक भएको थियो।

# सप्तरीमा गर्मीको कहर, अस्पतालमा बिरामीको चाप बढ्यो



**सुधा देव**

सप्तरी, २० जेठ। सप्तरीमा एक सातायता बढेको अत्यधिक गर्मीको कारण जनजीवन कष्टकर बनेको छ। सँधै भिडभाड रहने राजविराज बजारमा सर्वसाधारणको आवतजावत पातलिएको छ। बिहानैदेखि चर्को घाम र तातो हावा चल्न थालेपछि सर्वसाधारणको दैनिकीमा समेत असर पर्न थालेको छ। गर्मीकै कारण सर्वसाधारणमा टाउको दुख्ने, रिङ्गटा लाग्ने, उच्च ज्वरो आउने, बान्ता हुने, डाइरिया, रूघाखोकीको लक्षण देखिन थालेपछि अस्पतालमा पनि बिरामीको चाप बढेको गजेन्द्रनारायण सिंह अस्पतालको आकस्मिक कक्षका इन्चार्ज डा. जितेन्द्र कडेलले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, दुई दिन यता अस्पताल ज्वरो, झाडापखाला, सर्प दंशका बिरामी बढेपछि २४ घण्टा भित्र ७९ जनाको आकस्मिक कक्षमा उपचार गरेको उहाँले बताउनुभयो। सधैं भिडभाड हुने यश अस्पतालमा गर्मी बढेपछि बिरामीको चाप अत्यधिक बढेको छ। एक हप्ता यता अस्पतालमा बिरामीको संख्या अत्यधिक बढेपनि दुई दिन यता थेग्नै कठिनाइ भइरहेको उहाँले बताउनुभयो। विरामीका चापका कारण उपचारमा समस्या भोग्नुपरेको छ भने अस्पतालमा बेडकोअभाव भएपछि बिरामीहरूले भुइँमै बसेर उपचार गराउन बाध्य हुनुपरेको छ।

बिरामीको चाप बढेसँगै अस्पतालमा पर्याप्त शय्या तथा व्यवस्थापन गर्न कठिनाइ भएको स्थानीयले बताउनुभयो। अस्पतालमा उपचारका लागि आएका बिरामी तथा आफन्तहरूले अस्पतालबाट पाउनुपर्ने आधारभूत सुविधा समेत सहज रूपमा नपाएको बिरामीका आफन्त दिलिप चौधरीले बताउनुभयो। गर्मीका कारण सर्वसाधारणको दैनिकी काममा जान समस्या खेप्नुपरेको छ भने बाहिर हिँल गर्न सकेका छैनन्। बिहानै देखि चर्को घाम लागेर तातो हावा चल्न थालेपछि ४० डिग्रीसम्म गर्मी भएपछि सर्वसाधारणलाई दिन काट्नै समस्या भएको स्थानीय रमेश यादवले बताउनुभयो।

चर्को घाम र गर्मीका कारण जिल्लाको सामुदायिक तथा नीजी विद्यालयहरूको बिहानी कक्षा सुरु भएको छ। अत्यावश्यक कामबाहेक घरबाट बाहिर निस्कने अवस्था नरहेको राजविराज ५ कि विजेता देवले बताउनुभयो। अहिले सरकारी तथा गैरसरकारी कार्यालयमा सेवाग्राहीहरूको न्यून उपस्थिति हुँदै आएको स्थानीयको भनाइ रहेको छ। दिनदिनै मजदुरी गरेर छाक टार्ने मजदुरहरूले घाममा मजदुरी गरेर खाने अवस्था नरहेको मजदुरी गरेर जिविकोपार्जन गर्दै आउनुभएका ७० वर्षीय सुला यादवले बताउनुभयो।

# वीरगन्ज नाकाबाट १० महिनामा २० अर्ब ७९ करोडको खाद्यान्न आयात

वीरगन्ज, २० जेठ। वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु २० अर्ब ७९ करोड मूल्यको खाद्यान्न आयात भएको छ। गत आवको सोही अवधिको तुलनामा चालु आवमा यो नाका हुँदै हुने आयात मूल्यमा रु तीन अर्ब ८७ करोड अर्थात् १५ प्रतिशतले गिरावट आएको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले जानकारी दिए। गत आवको १० महिनामा यहाँबाट रु २४ अर्ब ६६ करोड मूल्य पर्ने १६ थरिका खाद्यान्न आयात गरिएको थियो।

# तत्काल नेतृत्व नछाड्ने ओलीको घोषणा

काठमाडौं, २० जेठ। नेकपा (एमाले) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जस्तोसुकै चुनौतीपूर्ण परिस्थितिमा पनि पार्टीको नेतृत्व गरिरहने र चुनौतीहरूको सामना गर्दै अगाडि बढ्ने बताउनुभएको छ। आजदेखि शुरू भएको पार्टीको 'सदस्यता नवीकरण तथा विस्तार उत्प्रेरणा' सम्बन्धी दुई दिने कार्यशालामा उहाँले आफ्नो स्वास्थ्यमा पूर्ण सुधार आएको जानकारी दिँदै पार्टीलाई सफलताको मार्गमा डोहोऱ्याएर मात्र विधिसम्मत ढङ्गले विश्राम लिने उल्लेख गर्नुभयो।

अध्यक्ष ओलीले पार्टीभित्र अनुकूल परिस्थितिमा उत्साहित हुने र प्रतिकूल समयमा जिम्मेवारीबाट पन्छिने प्रवृत्तिको आलोचना गर्नुभयो। विगत केही समयदेखि स्वास्थ्यका कारण कार्यकर्ता र नागरिकको बीचमा सघन रूपमा पुग्न नसकेको स्वीकार गर्दै उहाँले अब आफू पूर्ण स्वस्थ भएको र सक्रिय रूपमा सार्वजनिक गतिविधिमा फर्कने बताउनुभयो। आफ्नो नेतृत्वको विषयमा चर्चा गर्दै ओलीले महाधिवेशनले आफूलाई प्रधानमन्त्री बन्नका लागि मात्र नभई संघर्षको नेतृत्व गर्न अध्यक्ष चुनेको स्मरण गराउनुभयो।

उहाँले भन्नुभयो, 'सजिलो परिस्थिति आयो भने फुरुङ्ग परिहाल्ने, केटाकेटीलाई दशैं आएजस्तो आँगनमा निस्केर 'दशैं आयो' भनेर नाच्न थाल्ने, अप्ठ्यारो परिस्थिति आयो भने अनेक प्रकारका वितण्डा मच्चाउने, अनेक निहुँ खोज्ने, आफूले राम्रो गरेको तर अरूले नराम्रो गरेको भन्दै नागरिकका बीचमा जाने, आफ्नो कमी नदेख्ने र अरूको कमी मात्र देख्ने प्रकारको हुनु हुँदैन। सजिलो पऱ्यो भने, अनुकूल वातावरण बन्यो भने, प्रधानमन्त्री बन्न पाइने भयो भने कस्सिएर अगाडि बढ्ने र प्रधानमन्त्री बन्ने, अनि अप्ठ्यारो अवस्था आयो भने झोला फालेर भागिहाल्ने होइन।' अध्यक्ष ओलीले राजनीतिक दल र नागरिकबीचको सम्बन्ध नङ्ग र मासुको जस्तो हुनुपर्ने पनि बताउनुभयो।

### मधेशमा मन्त्रालय ...

मुख्यमन्त्री कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल रहेका छन्।

सत्ता समीकरण फेरिएपछि सत्ता घटक तीन दलबीच भएको १५ बुँदे सहमतिमा मन्त्रालयको संख्या घटनाउने उल्लेख थियो। अहिले मधेशमा मुख्यमन्त्री कार्यालयसहित १२ मन्त्रालय छ। ९ मन्त्रालयमा सीमित गर्ने सहमति तीन दलबीच छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)